# संचालक समिति



श्री अखिलेश्वर प्रसाद सिंह
**अध्यक्ष**



श्री नरेन्द्र कुमार बस्न्यात्
**संचालक**



रहिशा शाह श्रेष्ठ
**संचालक**



श्री शंकर राज पाण्डे
**संचालक**
(सर्ब साधारण शेयरधनी समुह)



श्री सान्दु श्रेष्ठ
**संचालक**
(सर्ब साधारण शेयरधनी समुह)



श्री प्रकाशमणी घिमिरे
**स्वतन्त्र संचालक**

# हिमालयन डिष्टिलरी लिमिटेड

**विरगन्ज महानगरपालिका वार्ड नं.–२१, लिपनिविर्ता, पर्सा, नेपाल**

**आदरणीय शेयरधनी महानुभावहरु,**

## विषय : १८ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना ।

यस कम्पनीको मिति २०७५ साल कार्तिक १४ गते वुधवारका दिन वसेको संचालक समितिको बैठकको निर्णयानुसार कम्पनीको अठारौं **वार्षिक साधारण सभा** देहायका विषयहरुमा छलफल र निर्णय गर्नका लागि निम्न मिति, स्थान तथा समयमा बस्ने भएकोले शेयरधनी महानुभावहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गरिएको छ ।

### छलफलका विषयहरु :

१. संचालक समितिको तर्फबाट साधारण सभामा पेश हुने अध्यक्षको प्रतिवेदनलाई पारित गर्ने ।

२. कम्पनीको आ.ब.२०७४/०७५ को वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह हिसाब सहितको लेखा परीक्षण प्रतिवेदनलाई स्वीकृत गर्ने ।

३. संचालक समितिले सिफारिस गरे बमोजिम कम्पनीका शेयरधनीहरुलाई नगद लाभांसमा लाग्ने कर समेत प्रति शेयर रु.२१।०५ का दरले नगद लाभांस वितरण गर्न स्विकृत गर्ने ।

४. आ.व.२०७५/०७६ का लागि लेखा परीक्षकको नियुक्तिका सम्वन्धमा संचालक समितिबाट समेत सिफारिस भई आएका एन. अमात्य एण्ड कम्पनी, चार्टण्ड एकाउण्टेण्डस्लाई नियुक्ती गरी निजको पारिश्रमिक निर्धारण गर्ने (सिफारिस भएका एन. अमात्य एण्ड कम्पनी, चार्टण्ड एकाउण्टेण्डस् नियुक्तीका लागि योग्य हुनुहुन्छ ) ।

५. हिमालयन डिष्टिलरी लिमिटेड र रोलिङ्ग रिभर डिष्टिलर्स वीच भएको कम्पनीको नाममा दर्ता कायम रहेको ट्रेडमार्क प्रयोग गर्ने सम्वन्धि सम्झौतालाई स्विकृत गर्ने ।

### विषेश प्रस्तावहरु:

६. आ.व.२०७५।०७६ को लागि कम्पनी ऐन २०६३ को दफा १०५ (ग) ले व्यवस्था गरे भन्दा वढिको खर्चलाई पूर्व स्विकृतीको लागि विषेश प्रस्ताव पारित गर्ने ।

७. विविध ।

मिति : २०७५ पौष २५ गते वुधवार (तदनुसार ९ जनवरी सन् २०१९)

स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, विरगन्ज महानगरपालिका वार्ड नं. २१, लिपनिविर्ता, पर्सा ।

समय : विहान ठिक १०:०० बजे ।

## साधारण सभा सम्बन्धि जानकारी :

१. यस कम्पनीको **मिति २०७५ पौष ४ गते देखि ६ गते सम्म** पूर्ण रुपमा शेयरधनी दर्ता किताब बन्द गरिने छ । शेयरधनी दर्ता किताबमा २०७५ पौष ३ गते सम्म नाम दर्ता कायम भएका शेयरधनीहरुले कम्पनीको अठारौं वार्षिक साधारण सभामा भाग लिन र यस सभाले स्विकृत गरेको नगद लाभांस लिन योग्य हुनेछन ।

२. कम्पनीको आ.व.२०७४/०७५ को वार्षिक प्रतिवेदनहरु, प्रोक्सी फर्म, प्रवेश–पत्र समेत सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हुलाक/कुरियर्स मार्फत पठाउने व्यवस्था मिलाइएको छ । कारणवश कसैलाई प्राप्त नभएको भए कम्पनीको रजिष्टर्ड कार्यालय,पर्सावाट शेयरधनीको प्रमाण प्रस्तुत गरी उक्त प्रतिवेदनहरु प्राप्त गर्न सकिनेछ । प्रस्तुत प्रतिवेदन हिमालयन डिष्टिलरी लिमिटेडको Website: www.himalayandistilery.com बाट समेत प्राप्त गर्न सक्नु हुनेछ ।

३. साधारण सभामा भाग लिन आउँदा शेयरधनी महानुभावहरुले प्रवेश–पत्रका साथ साथै शेयर प्रमाण पत्र, शेयर अभौतिकरण भएको प्रमाण वा नेपाल सरकारबाट जारी भएको फोटो टाँसिएको परिचय खुल्ने प्रमाण अनिवार्य ल्याउनु पर्नेछ ।

४. सभा हुने दिन सभा शुरु हुनको लागि तोकिएको समय भन्दा पहिले उपस्थित भई दिनु हुन अनुरोध गरिन्छ ।

५. उपस्थित पुस्तिका सभा हुने दिन विहान ७ बजे देखि विहान १०:०० बजे सम्म खुला गरिनेछ । त्यस पछि पूर्ण रुपमा बन्द गरिनेछ ।

६. नावालक वा विक्षिप्त शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयर दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि(प्रोक्सी) तोक्न सक्नेछ ।

७. प्रतिनिधि (प्रोक्सी)नियुक्त गर्ने व्यक्ति कम्पनी वा संगठित संस्था भएमा त्यस्तो नियुक्ती पत्रमा सो संस्था वा कम्पनीको छाप सहित अधिकृत ब्यक्तिको दस्तखत भएको हुनु पर्नेछ । संस्थागत शेयरधनी बाहेक अरुले यसरी प्रतिनिधि(प्रोक्सी) नियुक्त गर्दा कम्पनीको अर्को शेयरधनीलाई मात्र गर्नु पर्नेछ ।

८. साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्ति गर्दा सो नियुक्ति पत्र कम्पनीको साधारण सभा हुनु भन्दा ९६ घण्टा अगावै प्रतिनिधि पत्र (प्रोक्सी) फारम कम्पनी समक्ष दर्ता गरि सक्नु पर्नेछ । सभामा भाग लिन वा मतदान गर्न प्रतिनिधि दर्ता गरि सके पछि सो लाई बदर गरि अर्को प्रतिनिधि पत्र (प्रोक्सी) दिन चाहेमा सो को सूचना ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गर्नु पर्नेछ । प्रतिनिधि मुकरर गर्दा केहि शेयर आफै संग बाकी राखि प्रतिनिधि मुकरर गर्न पाईने छैन । सम्पुर्ण शेयरको लागि एकै व्यक्तिलाई प्रतिनिधि मुकरर गर्नु पर्नेछ । प्रतिनिधि मुकरर गर्ने शेयरधनी सभामा स्वयं उपस्थित भएमा उक्त मुकरर गरिएको प्रतिनिधि (प्रोक्सि) स्वत: रद्द हुनेछ ।

९. सभा सम्वन्धि जानकारी लिनु परेमा कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क गरी आवश्यक जानकारी लिन सकिनेछ ।

१०. विविध शिर्षक अन्तर्गत छलफल गर्न ईच्छुक शेयरधनीहरुले सभा हुनु भन्दा सात दिन अगावै छलफलको बिषय खोलि कम्पनी सचिव मार्फत लिखित रुपमा संचालक समितिका अध्यक्षलाई जानकारी दिनु पर्नेछ ।

११. सभामा आफ्नो मन्तब्य वा जिज्ञासा ब्यक्त गर्न चाहनु हुने शेयरधनी महानुभावले सभाध्यक्षले तोकेको समयमा एक एक गरि पालो पालो मन्तब्य वा जिज्ञासा व्यक्त गरि दिनु भई सहयोग गरि दिनु हुन अनुरोध छ ।

१२. शेयरधनीले ब्यक्त गरेको मन्तब्य वा प्रश्नहरुका सम्बन्धमा संचालक समितिकाका एकल सदस्य वा सामुहिक रुपमा वा संचालक समितिको निर्देशनमा कम्पनी व्यवस्थापनका प्रतिनिधिहरुले जवाफ दिनेछन् ।

आज्ञाले,
कम्पनी सचिव

श्री संचालक समिति,
हिमालयन डिष्टिलरी लिमिटेड ।

**बिषय : प्रतिनिधि नियुक्त गरेको बारे ।**

महाशय,

.............................. जिल्ला .................................... न. पा. /गा.वि.स. वडा नं ......... बस्ने म/हामी ..... ...................................................................ले त्यस कम्पनीको शेयरवालाको हैसियतले २०७५ साल पौष २५ गते वुधवारका दिन हुने अठारौं वार्षिक साधारण सभामा म/हामी स्वयं उपस्थित भई छलफलमा सहभागी हुन नसक्ने भएकोले मेरो तर्फबाट उक्त सभामा भाग लिन/छलफल तथा निर्णयमा सहभागी हुन लगायतका उल्लेखित कार्य गर्नका लागि .........................जिल्ला ................................. न.पा./गा.वि.स ........................वडा नं ..........बस्ने त्यस कम्पनीका शेयरवाला श्री ..........................................शेयर प्रमाण पत्र नं.......................लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

प्रतिनिधि नियुक्त भएको ब्यक्तिको
हस्ताक्षरको नमूना :

निवेदक,
हस्ताक्षर :
नाम:
ठेगाना :
शेयर प्रमाण पत्र नं. :
कि.नं..................देखि ................सम्म ।
मिति :

नोट : यो निवेदन साधारण सभा हुनु भन्दा कम्तिमा ९६ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय विरगन्ज म.न.पा. वार्ड नं. २१, लिपनि विर्ता पर्सामा पेश गरि सक्नु पर्नेछ । एक भन्दा बढी प्रोक्सीको नाम उल्लेख गरेमा प्रोक्सी फारम रद्द गरिने छ ।

— — — — — — — — — — — — — — — — — — — — — —

कृपया यहां काटनु होला)

**हिमालयन डिष्टिलरी लिमिटेडको अठारौँ वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको**

**प्रवेश–पत्र**

शेयरधनीको नाम ...............................................................................
शेयरधनीको सही ............................ प्र.प.न. ..............शेयर संख्या नं .................देखि ............... सम्म
जम्मा ........................थान ।

हिमालयन डिष्टिलरी लि.को मिति २०७५/०९/२५ गते वुधवारका दिन हुने अठारौं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश–पत्र ।

...............
(कम्पनी सचिव)

द्रष्टब्य : शेयरवाला आफैंले खाली कोष्ट भर्नुहोला ।
(सभा कक्षमा प्रवेश गर्न यो प्रवेश-पत्र अनिवार्य रुपमा लिई आउनु हुन अनुरोध छ)

# हिमालयन डिष्टिलरी लिमिटेड

## अठारौं वार्षिक साधारण सभामा

## संचालक समितिको तर्फबाट प्रस्तुत अध्यक्षको प्रतिवेदन

**श्री आदरणीय शेयरधनी महानुभावहरु,**

यस हिमालयन डिष्टिलरी लिमिटेडको अठारौं बार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई संचालक समितीको तर्फबाट र स्वयं मेरो तर्फबाट हार्दिक स्वागत गर्दछु । म यस सभामा आ.व. २०७४।०७५ को कम्पनीको नाफा नोक्सान हिसाव, नगद प्रवाह विबरण तथा अन्य सम्पूर्ण वित्तीय विवरणहरु सभाको स्विकृतका लागि प्रस्तुत गर्दछु । साथै यस सभामा पेश भएका प्रस्तावहरु उपर यहांहरुबाट गहन छलफल भई प्रस्तुत प्रस्तावहरु स्वीकृतका लागि अनुरोध गर्दछु ।

कम्पनीका गत वर्ष सम्पादन भएका मुख्य मुख्य कार्यहरुको समिक्षा तथा भावी कार्यक्रमहरु संचालक समितिका तर्फबाट यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छु ।

### १. आर्थिक वर्ष २०७४/०७५ को कारोबारको सिंहावलोकन :–

आर्थिक वर्ष २०७४/०७५ मा कम्पनीले गरेको कारोबारको संक्षिप्त बिवरण निम्नानुसार रहेको छ ।

| विवरण | आ.ब. २०७४/७५ को अनुमानित (Projected) स्विकृत वार्षिक बजेट(रु.) मा | आ.ब. २०७४/७५ को बास्तविक नाफा नोक्सान विबरण (रु.)मा |
|---|---|---|
| विक्री | २,०४,८३,५५,४१२ | २,४२,४६,०३,८६७ |
| कुल लागत खर्च | १,३३,६९,०२,०८१ | १,४२,६४,००,०९२ |
| कूल संचालन नाफा | ७,११,४५३,३३१ | ९९,८२,०३,७७५ |
| कर्मचारी खर्च व्यवस्था पुर्वको नाफा | १५,३१,२९,९४३ | ४८,६१,१५,६८४ |
| आयकर व्यवस्था पूर्वको नाफा | १३,९२,०९,०३९ | ४४,०१,०१,९९५ |
| आयकर व्यवस्था पछिको नाफा | ९,७४,४६,३२७ | २९,३४,८६,७८८ |

कम्पनीले यस आर्थिक बर्षमा रु.२९,३४,८६,७८८।०० (अक्षारुपी उनन्तीस करोड चौतिस लाख छयासी हजार सात सय अठासी) खुद मुनाफा आर्जन गरेको व्यहोरा सहर्ष जानकारी गराउँदछु ।

### २. राष्ट्रिय तथा अन्तराष्ट्रिय स्थितिबाट कम्पनीको कारोबारलाई परेको असर :–

(क) कम्पनीले उत्पादन गर्ने स्प्रिटको मूख्य कच्चा पदार्थको सप्लाईमा कठिनाई भई यसबाट मूल्य र गुणस्तरमा प्रभाव पर्न गएको थियो ।

(ख) अधिकांस उद्योगका आवश्यक मेसिनरीज र कारखानामा फिटिङ्ग भएका मेसिनका पार्ट पुर्जाहरु विदेशबाट नै ल्याउनु पर्ने कारणले निरन्तर रुपमा कारखाना संचालन गर्न असजिलो भएको थियो ।

(ग) उद्योगको लागि आवश्यक पर्ने कच्चा पदार्थ एवं प्याकेजिङ्ग मेटेरियल्सहरु जस्तै बोतल, लेवल, बिर्को, कार्टुन, मोनो कार्टुन जस्ता वस्तुहरु छिमेकी देश भारत तथा भारत हुदै आयात गर्नु पर्ने, उक्त वस्तुहरुमा समेत भारत सरकारले जि. यस. टि. लागु गरेको र उल्लेखित सामानहरु भंसार विन्दु सम्म आई पुग्नको लागि निकै समय लाग्ने भएकाले उत्पादनमा थप समस्या समय समयमा भोग्नु परेको थियो ।

(घ) यसै गरी भारतको विहार हुदै आयत गरिने वोतलहरु सिल्ड कन्टेनरबाट मात्र आयत गर्न पाउने भएकाले वजारमा ढुवानी गर्ने कन्टेनरहरु प्रयाप्त नहुदा केहि समस्या झेल्नु परेको थियो ।

(ङ) यस कम्पनीले उत्पादन गरेको उच्च स्तरको **Royal Treasure** नामक मदिराको विक्री वितरणमा आसातित सफलता प्राप्त गर्न नसकिएकाले यसबाट कारोवारमा प्रभाव पर्न गएको थियो । प्रस्तुत व्राण्डलाई वजारमा स्थापित गर्नका लागि निरन्तर प्रयासरत छौं ।

## ३. प्रतिवेदनको मिति सम्म चालु वर्षको उपलब्धी र भविष्यको सम्बन्धमा संचालक समितिको धारणा :

(क) आर्थिक बर्ष २०७४/७५ को प्रथम तीन महिनाको तुलनामा आर्थिक बर्ष २०७५/७६ को बिक्रि मूल्यमा बृद्धी भएको छ । जस सम्बन्धि बिवरण तपसिलमा उल्लेखित छ ।

| महिना | आ.ब. २०७४/७५ | आ.ब. २०७५/७६ |
|---|---|---|
| श्रावण देखि आश्विन मसान्त सम्म | ३,११,२५९,४५९ | ४३,५५,०९,०८८ |

(ख) कम्पनीले उत्पादन गरि रहेको स्प्रिट र वोतल वन्दी मदिरा उत्पादनलाई उच्चतम् प्राथमिकताका साथ वृद्धि गरी व्यवसायिक कार्यलाई अघि वढाउने लक्ष्यका साथ कार्य गरिरहेका छौं ।

(ग) कम्पनीले उत्पादन गर्दै आएको **Golden Oak** नामक मदिराको वढ्दो मागलाई मध्यनजर गरी समयमा नै मागलाई परिपूर्ति गर्न सकियोस् भन्नका लागि उक्त व्राण्डलाई रोलिङ्ग रिभर डिष्टिलर्स प्रा.लि.बाट समेत उत्पादन गरी वजारमा पठाउने प्रवन्ध गरेका छौं । यस्तो प्रवन्ध गर्दा कम्पनीले उक्त व्राण्डबाट प्राप्त गर्ने लाभमा कुनै असर नपर्ने व्यवस्था मिलाएको र यसरी गर्दा बजारको मागलाई धान्न सक्ने समेत अपेक्षा लिएका छौं । यस संग सम्वन्धित सम्झौता अनुमोदनका लागि यस सभामा पेश गरेका छौं ।

(घ) कम्पनीले यसै वर्ष देखि ४० यु.पि. शक्तीमा प्रिमियम व्राण्डको रुपमा **Black Oak** नामक मदिरा उत्पादन गरि विक्री वितरणको कार्य प्रारम्भ गरेका छौं । उपभोक्ताहरुले प्रस्तुत व्राण्डको आगमनलाई सहर्ष स्विकार गर्नेमा विश्वस्त छौं ।

(ङ) जावलाखेल ग्रुप अफ ईण्डष्ट्रिज प्रा.लि. मार्फत कम्पनीमा कार्यरत कर्मचारीहरुको त्रैमासिक, अर्ध बार्षिक र वार्षिक रुपमा कार्य संम्पादन मुल्याङ्कन गर्ने कार्यलाई निरन्तरता दिएका छौं । यसलाई अझ वढि प्रभावकारी बनाउन HR Appraisal Software जडान गरी सो अनुसार मूल्याङ्कन सम्वन्धि कार्यको कार्यन्वयन समेत गरेको र भविष्यमा पनि यसलाई निरन्तरता दिने लक्ष्य रहेको छ ।

(च) कम्पनीको व्यवस्थापन प्रणाली, उत्पादन प्रकृया, कर्मचारी तथा उपभोक्ताहरुको जन स्वास्थ्य प्रति निरन्तर रुपमा सजग रहदै यसलाई अझ बढी प्रभावकारी रुपमा सम्पादन गर्दै जाने क्रममा बिभिन्न किसिमका अन्तराष्ट्रिय गुणस्तर प्रमाणीकरण चिन्ह प्राप्त भई सो लाई निरन्तरता समेत दिएका छौं । यसबाट कम्पनीको Efficiency मा बृद्धि हुने एवं जनमानसमा कम्पनी प्रतिको विश्वास वढ्दै जाने विश्वास लिएका छौं । उल्लेखित कार्यहरुलाई निरन्तरता दिने कम्पनीको लक्ष्य रहेको यस सभामा जानकारी गराउदछौं ।

(छ) जावलाखेल ग्रुप अफ ईण्डष्ट्रिज प्रा.लि.को सहकार्यमा कम्पनीका उत्पादनहरु प्रति सम्वन्धित उपभोक्ताको धाराणा प्राप्त गरी प्राप्त उक्त यथोचित धारणा, राय, सुझाव अनुरुप कार्य गर्ने लक्ष्य कम्पनीले लिएको छ ।

(ज) कम्पनीले उत्पादनको कार्यमा प्राथामिकता दिई प्रतिफल प्राप्त नहुने क्षेत्रमा गरिने खर्चहरुलाई निरुत्साहित गरी अनुत्पादक र प्रतिफल विहिन कार्यको लागि गरिने खर्चलाई कटौति गर्ने गरेको र यस्तो निरुत्साहित र अनुत्पादक क्षेत्रमा

हुने खर्चलाई पहिचान गरी कटौती आगामी वर्षमा समेत गर्ने जानकारी गराउदछौं । उत्पादकत्व बृद्धि हुने र अल्पकालिन वा दीर्घकालिन रुपमा प्रतिफल दिने कार्यको पहिचान गरि लगानी वढाउने र कम्पनीका लगानीकर्ताहरुलाई अझ वढि लाभ दिलाउने कार्यमा संचालक समिति सदैव प्रयत्नशील रहेको शेयरधनी महानुभावहरुमा जानकारी गराउदछौं ।

(झ) स्प्रिट प्लाण्टको उत्पादन क्षमता वृद्धि/विस्तार, वोतलवन्दी मदिराको उत्पादन युनिट तथा क्षमता विस्तार गर्नु पर्ने आवश्यक्तालाई महसुस गरेका छौं । साथै कारखानाका उत्पादनमा प्रयोग हुने टर्वाईन, हस्क व्योइलर, ग्रेन हयाण्डलिङ्ग युनिट जस्ता उत्पादन संग सम्वन्धित कार्यलाई अति उच्चतम् प्राथमिकतामा राखी कार्य गर्ने लक्ष्य लिएका छौं । स्प्रिट उत्पादन र वोतल वन्दी मदिरा विक्रीको लक्ष्यमा साविक वर्षमा भन्दा केहि वृद्धि गरेका छौं र सो लक्ष्य प्राप्ती हुनेमा विश्वस्त रहेका छौं ।

(ञ) कारखानामा काम गर्ने श्रमिकहरुको कार्य कुशलता र कार्यगत एकता कायम गर्नका लागि साविक वर्षहरुमा जस्तै आगामी वर्षमा पनि तालिम, सेमिनार, भेला, बनभोज जस्ता एकवद्धता र उत्प्रेरणा प्रदान गर्ने किसिमका कार्यक्रमहरुलाई निरन्तरता दिने छौं । यस्तो कार्यबाट कम्पनीका श्रमिक र व्यवस्थापन वीच आपसमा कार्यगत एकता कायम भै कम्पनीको उत्पादकत्व बृद्धि हुने विश्वास लिएका छौं ।

(ट) बजारको माग र उपभोक्ताको चाहाना अनुरुपका विभिन्न ब्राण्डहरु ल्याउदै जाने नीति अनुरुप कम्पनीले उत्पादन तथा विक्री वितरणमा ल्याएको २५ यु.पि. शक्तीको Royal Treasure नामक मदिराको लक्ष्य अनुरुपको विक्री हासिल गर्न विविधकारणले नसकिएको भएता पनि यसलाई वजारमा स्थापित गर्न उच्च सर्तकताका साथ उत्पादन र विक्रीलाई निरन्तरता दिने लक्ष्य राखी कार्य गरि रहेका छौं । कम्पनीले उत्पादन तथा विक्री गरि रहेका Golden Oak, Black Oak र Royal Treasure जस्ता उत्पादनहरुले कम्पनीको कारोवारमा सकारात्मक प्रभाव पार्ने अपेक्षा लिएका छौं । यसबाट बिभिन्न तहका बिक्रेताहरुले ब्राण्डको विविधता एवं ब्यापार विस्तारको अवसर पाएका छन् । यसबाट नेशनल डिष्ट्रिव्यूर्टस, डिष्ट्रिव्यूटर्स, होलसेल्स, रिटेलर्स र उपभोक्ताहरु संगको व्यवसायिक सम्वन्ध सुदृढ र शसक्त हुदै जानेमा विश्वास समेत लिएका छौं ।

## ४. औद्योगिक र व्यवसायीक सम्वन्धमाः–

(क) कम्पनीको उत्पादनहरु विक्री गर्ने च्यानलहरु नेशनल डिष्ट्रिव्यूर्टस, डिष्ट्रिव्यूटर्स, होलसेलर्स, रिटेलर्स र हाम्रा ब्राण्डलाई रुचाई दिन हुने उपभोक्ताहरु संगको सम्वन्धलाई अझ दरिलो बनाउदै जाने लक्ष्यका साथ कार्य गरि रहेका छौं । यसै गरि कम्पनीमा लगानी गर्ने वैंक तथा वित्तीय संस्थाहरुसँगको सम्वन्ध राम्रो रहेको महशुस गरेका छौं ।

(ख) कम्पनीका लागि आवश्यक कच्चा पदार्थ तथा प्याकेजिङ्ग म्याटेरियल्सहरु सप्लाईमा वाधा विरोध नआयोस् भन्नका लागि गत वर्ष जस्तै यस वर्ष पनि वैकल्पीक सप्लायर्सहरुको पहिचान गर्ने कार्यलाई निरन्तरता दिएका छौं । यस्तो कार्यले कम्पनीको सप्लाईमा कुनै अवरोध नआउनका साथ साथै प्रतिष्पर्धी दर रेट तथा गुणस्तरीय सामानहरु प्राप्त हुने विश्वास रहेको छ ।

(ग) वातावरण प्रदुषण प्रतिको प्रचलित कानुनी एवं सामाजिक दायित्वलाई पूर्ववतः पालना गर्दै जानु पर्ने आवश्यक्तालाई मध्यनजर गरी Effulent Treatment Plant मा Geo Membrane Replace गर्ने कार्य सम्पन्न गरी संचालनमा ल्याएका छौं । साथै खेर गएका वस्तुलाई समेत पुनः प्रशोधन गरी त्यसबाट लाभ लिन सकियोस् भन्नका लागि Decanter जडान गरी Wet Cake उत्पादन गरी सो लाई विक्री वितरण गरि रहेका छौं । Effulent को प्रचलित कानुनले निर्धारण गरे अनुसारको व्यवस्थापन समेत गरेका छौं । Effulent लाई उपयोग गरी लाभ लिने उद्धेश्यले उर्जा उत्पादनको अध्ययन भई रहेको छ ।

(घ) औद्योगिक व्यवसाय ऐनले व्यवस्था गरेको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत कम्पनीले साविक वर्षहरुमा जस्तै यस वर्ष पनि वातावरण तथा समाज प्रतिको उत्तरदायित्वलाई प्राथमिकतामा राखेका छौं । यसका लागि कम्पनीले नेपाल सरकारका निकाय तथा स्थानिय सरकारका निकायहरु, स्थानीय क्लवहरु, सामाजिक संस्था, खेलकुद सम्बन्धि क्षेत्रहरु तथा धार्मिक संस्थाहरुको साथ साथै राजनैतिक दलहरुका प्रतिनिधिहरुसँग समन्वय गरी प्रभावकारी रुपमा कार्य गर्दै आएका छौ र यसलाई निरन्तरता दिने व्यहोरा सम्पूर्ण शेयरधनीहरुमा जानकारी गराउदछौं ।

## ५. संचालक समितिमा भएको हेरफेर र त्यसको कारणः–

गत वर्षको वार्षिक साधारण सभामा भएको निर्वाचन पश्चात संचालक समितिमा कुनै हेरफेर भएको छैन ।

## ६. कारोवारलाई असर पार्ने मुख्य कुराहरु :–

(क) विदेशी मदिरा तथा स्प्रिटको आयातले गर्दा कारोवारमा चुनौति थपिदै गएको ।

(ख) उपभोक्ताहरुलाई झुक्याउने उद्धेश्यले यस कम्पनीका व्राण्डहरुको नक्कल गरी उत्पादन तथा विक्री गर्ने प्रवृति वढि रहेकोले कारोवारमा प्रभाव परेको ।

(ग) नेपाल भित्रका मदिरा उद्योगहरुले ईलेक्ट्रोनिक लगायत केहि क्षेत्रहरुमा विज्ञापन गर्न नपाउने तर विदेशबाट आयत हुने मदिराहरुले विदेशी ईलोक्ट्रोनिक मिडिया मार्फत विज्ञापन गरि रहेकाले स्थानीय उत्पादनको प्रतिस्पर्धात्मक क्षमतामा प्रतिकुल प्रभाव पर्नु ।

(घ) अधिकांश कच्चा पदार्थहरुको भर विदेशमा नै पर्नु पर्ने हुनाले उक्त सामानहरु समयमा उत्पादन स्थलमा प्राप्त नहुनु ।

## ७. लेखा परीक्षण प्रतिवेदनमा कुनै कैफियत भए सो मा प्रतिकृया :–

लेखा परीक्षणमा कुनै कैफियत नरहेकाले कुनै पनि प्रतिकृया नभएको ब्यहोरा अनुरोध छ ।

## ८. नगद लाभांस बाडँफाड गर्न सिफारिस गरिएको प्रतिशत :–

कम्पनीले यस वर्ष आर्जन गरेको खुद मुनाफाबाट लाभांस भुक्तानीमा लाग्ने कर समेत गरी प्रति शेयर रु.२१।०५ (एकाई रुपैया पांच पैसा मात्र) का दरले नगद लाभांस शेयरधनीहरुलाई वितरण गर्ने सिफारिस गरेका छौं । संचालक समितिको लाभांस वितरणको प्रस्तुत सिफारिसलाई स्वीकृतीका लागी अनुरोध गर्दछौं ।

अन्त्यमा सदा झै शेयरधनी महानुभावहरुबाट कम्पनीलाई सहयोग प्राप्त भैरहने आशा एवं विश्वास ब्यक्त गर्दै कम्पनीलाई सहयोग पु¥याउनु हुने नेपाल सरकारका विभिन्न निकाय, कर्मचारीहरु, कम्पनीका श्रमिकहरु, व्यवस्थापनका पदाधिकारीहरु, सप्लायर्सहरु, वितरकहरु, उपभोक्ताहरु, शेयरधनीहरु र शुभ चिन्तक लगायतका सम्पूर्ण महानुभावहरु संचालक समिति तथा मेरो आफ्नै तर्फबाट हार्दिक कृतज्ञता एवं धन्यवाद ब्यक्त गर्न चाहन्छु ।

धन्यवाद ।<br>
संचालक समितिको तर्फबाट<br>
श्री अखिलेश्वर प्रसाद सिंह<br>
अध्यक्ष

# कम्पनी ऐन २०६३ को दफा १०९ को उप दफा ४ अनुसारको अतिरिक्त बिवरण :
# (आर्थिक बर्ष २०७४/७५)

१. **शेयर जफत सम्बन्धि बिवरण :** यस आर्थिक बर्षमा कुनै पनि शेयरहरु जफत गरिएको छैन ।

२. **कम्पनी र सहायक कम्पनी बीचको कारोबार :** यस कम्पनीले हिमालयन मल्टी एग्रो लिमिटेड नामक सहायक कम्पनी दर्ता गरेको छ । उक्त कम्पनीलाई उद्धेश्य अनुसार संचालन गर्नका लागि स्रोत जुटाउने कार्य भई रहेको छ । हाल सम्म यस कम्पनीमा मूख्य कम्पनीले दर्ताका लागि लागेको शुल्क र दर्ता प्रकृयामा लागेको खर्च समेत गरी रु.१,१७,०००।००(अक्षरुपी एक लाख सत्र हजार मात्र) लगानी गरेकोछ ।

३. **कम्पनीका आधारभुत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी :** यस्तो कुनै जानकारी यस प्रतिवेदनको अवधि सम्म प्राप्त भएको छैन ।

४. **गत आर्थिक बर्षमा कम्पनीका संचालक र पदाधिकारीहरुले लिएको शेयर स्वामित्वको बिवरण :** प्रस्तुत अवधिमा कुनै पनि कम्पनीका संचालक वा पदाधिकारीले कम्पनीको शेयरको स्वामित्व थप लिएको जानकारी कम्पनीमा प्राप्त भएको छैन ।

५. **कम्पनी संग सम्बन्धित सम्झौताहरुमा कुनै संचालक वा निजको नजिकको नातेदारको व्यक्तीगत स्वार्थ बारे उपलब्ध गराईएको जानकारीको व्यहोरा :** गत वर्ष भएको वार्षिक साधारण सभाले गरेको निर्णय अनुसारको कार्यलाई निरन्तरता दिएको र आगामी वर्षमा समेत सो कार्यलाई निरन्तरता दिने जानकारी गराउदछौं ।

६. **बाई ब्याक गरिएका शेयरको बिवरण :** कम्पनीले आफ्ना शेयरहरु आफैले वाई ब्याक गरेको छैन ।

७. **आन्तरीक नियन्त्रण व्यवस्था :** कम्पनीको आन्तरीक नियन्त्रण व्यवस्था प्रभावकारी रहेको छ । आन्तरीक नियन्त्रण व्यवस्थामा अबलम्बन गरिएका मुख्य प्रकृयाहरु निम्नानुसार रहेका छन ।

क. मजबुत आन्तरीक लेखा परीक्षण, निरीक्षण र नियन्त्रण प्रणाली अपनाईएको छ ।

ख. कम्पनीले कम्प्युटराईज विलिङ्ग प्रणाली स्विकृत लिई अवलम्वन गरेको, आफनो कारोवारलाई पारदर्शी बनाउन ERP System मा रेकर्ड राखी कारोवार गर्न थालिएको छ । यसै गरि श्रमिकहरुको हाजिरी विदा आदिको रेकर्ड समेत HRIS System वाट गर्ने गरिएको छ । कार्य लक्ष्य र प्राप्तीको रेकर्ड समेत Cronernstone Software मार्फत मूल्याङ्कन गर्ने पद्धती अवलम्वन गरिएकोछ ।

ग. आन्तरीक लेखा परीक्षक नियुक्ती गरी लेखा परीक्षण गर्ने कार्य त्रैमासिक रुपमा नियमित रुपमा गर्ने गरिएको र निजहरुले दिएको प्रतिवेनदलाई लेखा परीक्षण समिति तथा संचालक समितिमा पेश गरि छलफल गरिने र प्राप्त निर्देशन बमोजिम कार्य गरि रहेका छौं ।

घ. वार्षिक लक्ष्यलाई प्राथमिकता साथ हेरी सो अनुसार कार्य भए नभएको सम्वन्धमा तुलनात्मक अध्ययन गर्ने गरिएको छ ।

ङ उत्पादन तथा बिक्रि वितरणमा प्रत्यक्ष नियन्त्रण तथा अनुगमनका लागी नेपाल सरकार, आन्तरिक राजश्व कार्यालयबाट पूर्णकालिन कर्मचारी खटिई प्रत्यक्ष नियन्त्रण एवं अनुगमन गर्ने गरिएको छ ।

च. कामदार तथा कर्मचारीको हितका लागि भैपरि आउने दुर्घटनाबाट कसरी बच्ने, बचाउने सम्वन्धि तालिम, काम गर्दा अपनाउनु पर्ने सावधानीहरु आदीका विषयमा प्रयोगात्मक एवं सैद्धान्तिक तालिमहरु, कामदार तथा कर्मचारीहरुको स्वास्थ्यमा प्रत्यक्ष असर नपरोस् भन्नका लागि आवश्यक स्वास्थ्य सम्वन्धि सामाग्रीहरुको वितरण जस्ता कम्पनीका

गतिविधिहरुले कार्यगत एकता एवं वातावरण मैत्री बनाउनेमा सहयोग पुगेको महसुस गरिएको छ । साप्ताहिक रुपमा कारखाना व्यवस्थापन र कम्पनी व्यवस्थापन वीच वैठक राखी भए गरेका कार्यको विवरण, कम्पनीले लक्ष्य हासिल गर्नका लागि उपयुक्त वैकल्पीक उपायको अवलम्वन, देखिएका समस्याहरुको निराकरणको लागि कारखाना र सम्पर्क कार्यालय वीच नियमित छलफल एवं प्रत्यक्ष सम्पर्कबाट गतिविधि बुझ्न सजिलो भएकोछ ।

छ. कम्पनीले सामाजिक उत्तरदायित्व बहन गर्नका लागि विभिन्न क्लव, शैक्षिक संस्था, धार्मिक संस्था जस्ता संस्था संग समन्वय गरी यथासंम्भव सहयोग गरि रहेका छौं ।

८. **समिक्षा बर्षमा भएको कुल व्यवस्थापन खर्च :**

| बिवरण | रुपैया |
|---|---|
| पारिश्रमिक तथा सुविधा खर्च | २,८६,६७,९६६ |
| कार्यालय संचालन खर्च | १०,४५,२६,५३१ |
| **जम्मा व्यवस्थापन खर्च** | **१३,३१,९४,४९७** |

९. **लेखा परीक्षण समितिको सदस्यहरुको नामावली, पारश्रमिक भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारवाहिको बिवरण र समितिले दिएको सुझावको विबरण :**

क. लेखा परीक्षण समितिका सदस्यहरुको नामावली : लेखा परीक्षण समितीमा निम्नानुसारका सदस्यहरु रहनु भएको छ ।

१. श्री शंकर राज पाण्डे

२. श्री सान्तु श्रेष्ठ

३. श्रीमती रहिशा शाह( श्रेष्ठ)

ख. लेखा समितिको सदस्यहरुलाई रु.१०,०००/- (कर सहित) बैठक भत्ताको व्यवस्था गरिएको छ ।

ग. समितिले गरेको काम कारवाहिको बिवरण :

(१) प्रत्येक त्रैमासिक अबधिको कम्पनीको आर्थिक प्रगति विवरण, आन्तरिक लेखा परीक्षकबाट लेखा परीक्षण गराई निजले दिएको लेखा प्रतिवेदनमा जनाएका कैफियत अनुसार समिक्षा गर्ने र सो अनुसार कम्पनी व्यवस्थापनलाई सुधार गर्न/गराउन निर्देशन दिने गरेको ।

(२) कम्पनीको आर्थिक अवस्था र अन्य अवस्थाहरुको जानकारी र सुधार गर्ने उद्धेश्यले त्रैमासिक रुपमा नियमित आन्तरीक लेखा परीक्षण कार्य गर्न निर्देशन दिएको ।

(३) कम्पनीको लेखा समितिको सिफारिस अनुसार आन्तरीक लेखा परीक्षक नियुक्ती गरिएको ।

(४) लेखा परीक्षक नियुक्तिका लागी सिफारीस गर्ने लगायत कम्पनीको लेखा सम्बन्धि बिषयमा राय सल्लाह र सुझावहरु लेखा समितिले दिने गरेको ।

(५) कम्पनीको अलेखापरीक्षित वासलात, नाफा नोक्सान हिसाव, वास्तविक नाफा नोक्सानको तुलनात्मक हिसाव, वास्तविक खर्चहरुको बिवरण, बिक्रि परिमाण र मुल्य, लक्ष्य र विक्रिको तुलनात्मक विबरण सहितको बिवरणहरु माग गरी समिक्षा गर्ने कार्य गरेको ।

(६) कम्पनीको वार्षिक विक्री लक्ष्य, आम्दानी तथा खर्च आदिको समिक्षा गरी वार्षिक वजेट तयार गर्न कम्पनी व्यवस्थापनलाई निर्देशन दिने गरेको ।

(७) कम्पनीको वार्षिक अनुमानित बजेट स्विकृतको लागि संचालक समितिमा सिफारिस गर्ने गरेको ।

१०. **संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमूख, अधारभुत शेयरधनी र निजका नजिकका नातेदार तथा संलग्न फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाकि भए सो कुरा :**

श्री जे.जि.आई.डिष्टिव्यूसन प्रा.लि.बाट लिनु पर्ने रु.१२,६४,०१,९३०।००

श्री फुड एण्ड वेभरेज टेक्नोलेजि रिसर्च सेन्टर प्रा.लि.लाई दिनु पर्ने रु. ९,११,५७१।००

साथै यस कम्पनीको व्यवस्थापन कार्य हेर्दै आएको जावलाखेल ग्रुप अफ ईण्डष्ट्रिज प्रा.लि.ले यसै कम्पनीका स्वतन्त्र संचालक श्री प्रकाशमणी घिमिरेकी आमाको नाममा दर्ता कायम भएको जग्गामा वनेको घर भाडामा लिएको समेत संचालक समितिमा जानकारी प्राप्त हुन आएको छ ।

११. **संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमूख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :**

| कर्मचारीहरुको बिवरण | आ.ब. २०७४/७५ |
|---|---|
| कर्मचारी व्यवस्थापन बापत भएको खर्च | २,२४,१२,५४६ |
| **जम्मा खर्च** | **२,२४,१२,५४६** |

१२. **शेयरधनीहरुले बुझि लिन बाकि रहेको लाभांशको रकम :** कम्पनीले आ.व. २०७०/०७१ र २०७१।०७२ मा शेयरधनीहरुलाई नगद लाभांस वितरण गर्ने निर्णय भए अनुसार २०७५ अषाढ सम्म जम्मा रु. २२,३३,९०३।०० भुक्तानी दिन वाकी रहेको र आ.व. २०७२/०७३ र २०७३।०७४ को मुनाफाबाट नगद लाभासको लागि छुट्याईएको रकम कम्पनीका शेयर रजिष्ट्रार श्री नविल ईन्भेष्टमेण्ट वैकिङ्ग लिमिटेडलाई भुक्तानी गरि सो मार्फत भुक्तानी दिने कार्य भई रहेको सम्पूर्ण शेयरधनी महानुभावहरुमा जानकारी गराउदछौं । साथै हाल सम्म लाभांस भुक्तानी लिन बाँकी रहेका शेयरधनीहरुले कम्पनीको सम्पर्क कार्यालय, ललितपुर तथा कम्पनीका शेयर रजिष्ट्रार श्री नविल ईन्भेष्टमेण्ट वैकिङ्ग लिमिटेड, नक्साल काठमाण्डौंमा सम्पर्क गरि लिन हुन समेत जानकारी गराउदछौं ।

G.P.Rajbahak & Co.
Chartered Accountants

An independent member firm of BKR INTERNATIONAL

# हिमालयन डिष्टिलरी लिमिटेडका
## शेयरधनी महानुभावहरू समक्ष
## लेखापरीक्षकको प्रतिवेदन

हामीले श्री **हिमालयन डिष्टिलरी लिमिटेड**को *(यस पछि 'कम्पनी' भनिएको)* आषाढ ३२, २०७५ *(जुलाई १६, २०१८)* को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा-नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण को लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरणहरू प्रतिको उत्तरदायित्व कम्पनीको व्यवस्थापनमा रहेको छ । ती वित्तीय विवरणहरू उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

नेपाल लेखापरीक्षण मान तथा प्रासंङ्गिक प्रचलनको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि ती लेखापरीक्षण मान तथा प्रासंङ्गिक प्रचलन अनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्नुपर्दछ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छडके परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । कम्पनीले अवलम्वन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एवं वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

उपरोक्तानुसार वित्तीय विवरणको परीक्षण गरी देहाय बमोजिम प्रतिवेदन प्रस्तुत गरेका छौं :

(१) हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानेका सबै सूचना र स्पष्टीकरणहरू पायौं ।

(२) संलग्न वासलात, नाफा-नोक्सान हिसाव तथा तत् सम्बन्धी अनुसूचीहरू नेपाल राष्ट्र कम्पनीले तोकेको ढाँचामा प्रस्तुत गरिएका छन् र कम्पनीले राखेको हिसाव-कितावसंग दुरूस्त रहेका छन् । यधपि यस कम्पनीले श्रम ऐन २०७४ को दफा ५३ को उपदफा २ बमोजिम उपदान कोष अलग खातामा जम्मा गरिएको छैन ।

(३) कम्पनीले आफ्नो हिसाव-किताव प्रचलित कानून र प्रचलन अनुसार ठीकसंग राखेको छ ।

(४) हामीले प्राप्त गरेको सूचना एवं हामीलाई दिइएको स्पष्टीकरण तथा कम्पनीको हिसाव कितावको परीक्षणबाट, कम्पनीको संचालक समिति वा कम्पनीका कुनै अधिकृतले कानूनी व्यवस्था विपरित काम गरेको वा कम्पनीलाई प्रत्यक्ष हानी नोक्सानी गरेको वा हिनामिना गरेको वा नेपाल राष्ट्र कम्पनीको निर्देशनको उल्लघंन गरेको वा कम्पनी र यसका निक्षेपकर्ताहरूको हित र सुरक्षा विरूद्ध काम गरेको हाम्रो जानकारीमा आएन ।

(५) यी बिवरणहरु कम्पनी ऐन २०६३, प्रचलित कानुनका अधिनमा रही लागु गर्न सकिने हदसम्म नेपाल वित्तीय प्रतिवेदन मानहरु (Nepal Financial Reporting Standards) तथा लेखाको सर्बमान्य सिद्धान्त तथा प्रचलन अनुसार ठिक संग तयार गरिएका छन् :

(क) वासलातले कम्पनीको आषाढ ३२, २०७५ *(जुलाई १६, २०१८)* को आर्थिक अवस्था,

(ख) नाफा-नोक्सान हिसावले उक्त मितिमा समाप्त वर्षको संचालन नतिजा, तथा

(ग) नगद प्रवाह विवरण तथा इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरणले उक्त मितिमा समाप्त वर्षको नगद प्रवाह तथा इक्विटीमा भएको परिवर्तनको उचित तथा यथार्थ स्थिति चित्रण गर्दछ ।

**सि.ए. अशेष राजवाहक**
साझेदार
*जि.पी. राजवाहक एण्ड कम्पनी*
*चार्टर्ड एकाउण्टेण्टस्*

स्थान : **काठमाडौं**
मिति : **कार्तिक १४, २०७५**

Narayanchaur, Naxal, Kathmandu, Nepal, t: +977-1-4415682, 4415823, e: info@gpr.com.np, w: www.gpr.com.np

# हिमालयन डिष्टिलरी लिमिटेडको

## वित्तिय स्थितीको विवरण

## २०७५ साल आषाढ ३२ (जुलाई १६, २०१८)

| विवरण | अनुसूची | यस वर्ष (रु.) | गत वर्ष (रु.) |
|---|---|---|---|
| गैर चालु सम्पत्ति | | | |
| जायजेथा, प्लान्ट र उपकरण | १ | ६०९,०७०,९७४ | ६०८,७३७,६१४ |
| पुंजीगत कार्यप्रगती | | १६,६२२,७९९ | ३६,७१५,९०१ |
| अदृश्य सम्पत्ती | १ | १,९१२,००९ | २,१८२,१७१ |
| एमोर्टाईज मुल्यका वित्तिय सम्पत्ती | | | |
| दीर्घ कालिन धरौटी | २ | १७,८५८,६०३ | ९,६२७,६०८ |
| गैर चालु बैंक मौज्दात | ३ | ५५,१८५ | १०५,०३६ |
| **जम्मा गैर चालु सम्पत्ती (ए)** | | **६४५,५१९,५६९** | **६५७,३६८,३३०** |
| चालु सम्पति | | | |
| जिन्सी मौज्दात | ४ | ३८३,९९९,५७३ | २७६,९७५,५५६ |
| एमोर्टाईज मुल्यका वित्तिय सम्पत्ती | | | |
| धरौटी | २ | ३८३,६३६ | ३४६,२०१ |
| ट्रेड र अन्य आसामीहरु | ५ | १२७,४६३,४५७ | ५३,७८६,४०९ |
| अग्रिम भुक्तानी र पेश्की | ६ | २७,९७३,८८१ | २५,४३४,५१३ |
| नगद तथा नगद सरह | ३ | ५,४०४,३३० | ४,०१२,६५९ |
| **जम्मा चालु सम्पत्ती (बि)** | | **५४५,२२४,८७७** | **३६०,५५५,३३८** |
| **जम्मा सम्पत्ती (ए+बि)** | | **१,१९०,७४४,४४७** | **१,०१७,९२३,६६७** |
| ईक्विटि | | | |
| शेयर पुंजी | | ३८५,६४५,५०० | ३८५,६४५,५०० |
| संचित मुनाफा | | ४९०,१९१,७२८ | २७५,५६०,१३५ |
| ईक्विटिका अन्य भागहरु | | | |
| घटी घोषित लाभांश | | (८१,१८८,५२६) | (८१,१८८,५२६) |
| **जम्मा संचित** | | **४०९,००३,२०१** | **१९४,३७१,६०९** |
| **जम्मा ईक्विटि (सि)** | | **७९४,६४८,७०१** | **५८०,०१७,१०९** |
| गैर चालु दायित्व | | – | – |
| सुरक्षित ऋण | ७ | ५,०७२,८३४ | १९,६७७,१६२ |
| चालु पुंजी वित्तिय परिचालन | ८ | १६६,६६९,९५६ | १७८,०९७,९४४ |
| अवकाश सुविधा दायित्व | ९ | २३,१४६,१२७ | २३,६२३,७५८ |
| डिफर्ड कर दायित्व | | ३१,३३१,३१९ | ३९,०९४,२५१ |
| **जम्मा गैर चालु दायित्व (डि)** | | **२२६,२२०,२३७** | **२६०,४९३,११६** |
| चालु दायित्व | | | |
| छोटो अवधिको ऋण | | | |
| ट्रेड र अन्य भुक्तानी दिन बांकी | १० | १४,७२२,२७९ | १८,९०८,५०२ |
| आसामीबाट अग्रिम भुक्तानी | ११ | ५३,३५३,६०१ | १३९,४५६,३८९ |
| कर्मचारी सुविधाहरुको दायित्व | | १२९,००५ | ९,६०२,७१४ |
| आयकर बांकी | ९ | ४४,०१०,४४८ | ७,०३३,१८६ |
| | | ५७,६६०,१७६ | २,४१२,६५२ |
| **जम्मा जालु दायित्व (ई)** | | **१६९,८७५,५०८** | **१७७,४१३,४४३** |
| **जम्मा ईक्विटी र दायित्व (सि+डि+ई)** | | **१,१९०,७४४,४४७** | **१,०१७,९२३,६६७** |

वित्तीय विवरणहरु संग सम्वन्धित लेखाका नीति तथा टिप्पणीहरु १८

माथी उल्लेखत अनुसूचिहरु वित्तीय स्थिती विवरणका अभिन्न अंग हुन् ।

आजको हाम्रो संलग्न प्रतिवेदन अनुसार

| द | द | द | द |
|---|---|---|---|
| **सतिश कर्ण** | **शान्तु श्रेष्ठ** | **अखिलेश्वर प्रसाद सिंह** | **सि.ए. अशेष राजबाहाक** |
| **वित्त प्रमुख** | **संचालक** | **अध्यक्ष** | **साझेदार** |
| **मिति : २०७५/०७/१४** | | | **जि.पि. राजबाहाक एण्ड कम्पनी** |
| | | | **चार्टर्ड एकाउण्टेण्टस्** |

# हिमालयन डिष्टिलरी लिमिटेड, पर्सा

## नाफा नोक्सानको विवरण

### २०७४ श्रावण १ देखि २०७५ आषाढ ३२ (जुलाई १६, २०१७ देखि जुलाई १६, २०१८) सम्म

| विवरण | अनुसूची | यस वर्ष (रु.) | गत वर्ष (रु.) |
|---|---|---|---|
| विक्रीबाट आम्दानी | १२ | २,४२४,६०३,८६७ | १,३४७,८७१,१५२ |
| विक्रिको लागत मुल्य | १३ | १,४२६,४००,०९२ | ८५७,३५४,४४१ |
| **कूल नाफा** | | **९९८,२०३,७७५** | **४९०,५१६,७११** |
| अन्य परिचालन आम्दानी | | २७,८४८,८५८ | २५,४२२,७३१ |
| प्रशासनिक खर्चहरु | १५ | १३३,१९४,४९७ | १००,००४,५३४ |
| बिक्री तथा वितरण खर्चहरु | १६ | ३३८,८७७,९६७ | २७६,५३१,९६३ |
| ह्रासकट्टी | १ | ४७,७६७,०४९ | ४२,७६२,४६५ |
| **परिचालनबाट भएको नाफा** | | **५०६,२१३,११९** | **९६,६४०,४८१** |
| सम्पत्ति बिक्रिबाट भएको घाटा/(नाफा) | | (२२,४४१) | ६१३,९०७ |
| वित्तिय खर्चहरु | १४ | २०,११९,८७६ | १५,०४८,२२२ |
| **अन्य सामान्य कर्मचारीहरुको खर्च पूर्वको नाफा** | | **४८६,११५,६८४** | **८०,९७८,३५१** |
| कर्मचारी सुविधा खर्चहरु | | | |
| उपदान खर्च | १७ | २,००३,४९० | ३,६१३,३०० |
| कर्मचारी बोनस खर्च | | ४४,०१०,१९९ | ७,०३३,१८६ |
| **कर पूर्वको नाफा** | | **४४०,१०१,९९५** | **७०,३३१,८६५** |
| **करसंग सम्बन्धित खर्चहरु** | | | |
| चालु बर्षको कर खर्च | | १५०,१००,५६२ | १९,८९७,४१४ |
| अघिल्लो समयको कर समायोजन | | ४,२७७,५७७ | - |
| डेफर्ड कर खर्च/(आम्दानी) | | (७,७६२,९३२) | १,५६६,३८५ |
| **यस वर्षको खुद नाफा** | | **२९३,४८६,७८८** | **४८,८६८,०६६** |
| **कम्पनीको साहु प्रति एट्रिवियूटेबल नाफा** | | **२९३,४८६,७८८** | **४८,८६८,०६६** |
| **प्रति शेयरको आधारभुत आम्दानी (ने.रु)** | | **७६.१०** | **१२.६७** |
| **प्रति शेयरको डाइलुटेट आम्दानी (ने.रु)** | | **७६.१०** | **१२.६७** |

वित्तीय विवरणहरु संग सम्वन्धित लेखाका नीति तथा टिप्पणीहरु १८

माथी उल्लेखत अनुसूचिहरु नाफा नोक्सान विवरणका अभिन्न अंग हुन् ।

आजको हाम्रो संलग्न प्रतिवेदन अनुसार

| | | | |
|---|---|---|---|
| द | द | द | द |
| **सतिश कर्ण** | **शान्तु श्रेष्ठ** | **अखिलेश्वर प्रसाद सिंह** | **सि.ए. अशेष राजबाहाक** |
| **वित्त प्रमुख** | **संचालक** | **अध्यक्ष** | **साझेदार** |
| **मिति : २०७५/०७/१४** | | | **जि.पि. राजबाहाक एण्ड कम्पनी** |
| | | | **चार्टर्ड एकाउण्टेण्टस्** |

# हिमालयन डिष्टिलरी लिमिटेड, पर्सा

## अन्य विस्तृत आम्दानीको विवरण

### २०७४ श्रावण १ देखि २०७५ आषाढ ३२ (जुलाई १६, २०१७ देखि जुलाई १६, २०१८) सम्म

| विवरण | यस वर्ष (रु.) | गत वर्ष (रु.) |
|---|---|---|
| नाफा नोक्सानको विबरण अनुसारको वार्षिक खुद नाफा | २९३,४८६,७८८ | ४८,८६८,०६६ |
| पुन मुल्याङ्कनको फरकबाट आएको जगेडा | | |
| तोकिएको सुविधा योजनाहरुको पुन मुल्याङ्कन | २,३३३,३३१ | (४७०,९००) |
| वित्तिय विवरणमा वैदेशिक कारोवारबाट हुने नाफा तथा नोक्सान | | |
| Equity मा लगानीबाट भएको नाफा र नोक्सानलाई अन्य विस्तृत आम्दानी मार्फत उचित मुल्यमा मापन | | |
| The effective portion of gains and losses on hedging instruments in a cash flow hedge. | | |
| For particular liabilities designated as at fair value through profit or loss the amount of the change in the fair value that is attributable to changes in the liability's credit risk. | | |
| **जम्मा अन्य विस्तृत आम्दानी** | **२,३३३,३३१** | **(४७०,९००)** |
| **जम्मा विस्तृत आम्दानी** | **२९५,८२०,११९** | **४८,३९७,१६६** |

आजको हाम्रो संलग्न प्रतिवेदन अनुसार

द
**सतिश कर्ण**
**वित्त प्रमुख**
**मिति : २०७५/०७/१४**

द
**शान्तु श्रेष्ठ**
**संचालक**

द
**अखिलेश्वर प्रसाद सिंह**
**अध्यक्ष**

द
**सि.ए. अशेष राजबाहाक**
**साझेदार**
**जि.पि. राजबाहाक एण्ड कम्पनी**
**चार्टर्ड एकाउण्टेण्टस्**

# हिमालयन डिष्टिलरी लिमिटेड, पर्सा

## नगद प्रवाह विवरण

### २०७४ श्रावण १ देखि २०७५ आषाढ ३२ (जुलाई १६, २०१७ देखि जुलाई १६, २०१८) सम्म

| विवरण | यस वर्ष(रु.) | गत वर्ष (रु.) |
|---|---|---|
| **संचालन गतिविधिबाट नगद प्रवाह** | | |
| आयकर अघिको नाफा/(नोक्सान) | ४४०,१०१,९९५ | ७०,३३१,८६५ |
| **समायोजनः** | | |
| ह्रास कट्टि तथा अपलेखन | ४७,७६७,०४९ | ४२,७६२,४६५ |
| वित्तिय खर्चहरु | २०,११९,८७६ | १५,०४८,२२२ |
| वित्तिय विवरणमा उल्लेखित उपदान खर्च | २,००३,४९० | ३,६१३,३०० |
| स्थिर सम्पत्तिको विक्रीबाट (नाफा)/घाटा | (२२,४४१) | ६१३,९०७ |
| **चालु पूँजी परिवर्तन अघिको संचालन नाफा** | **५०९,९६९,९६९** | **१३२,३६९,७५९** |
| **चालू पूँजी परिवर्तनको समायोजन** | | |
| जिन्सी मौज्दातमा (बृद्धि)/घटि | (१०७,०२४,०१७) | (९९,८०७,३८१) |
